मन्थली नगरपालिका

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

# नगर कार्यपालिकाको कार्यालय

(प्रशासन, योजना तथा अनुगमन शाखा)

मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

च.नं
प.सं

मितिः २०७७/१०/१९

## उद्योग व्यवसाय दर्ता/नविकरण तथा भवन नक्सापास/अभिलेखीकरण गर्ने सम्बन्धी मन्थली नगरपालिकाको जरुरी सूचना ।

यस नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका उद्योग व्यवसायहरु अनिवार्य रुपमा नगरपालिकामा दर्ता गरी वार्षिक रुपमा नविकरण गर्नुपर्ने कानुनी व्यवस्था रहेको सर्वविदितै छ । नगरपालिका क्षेत्रभित्र निर्माण गरिने भवनहरुको अनिवार्य रुपमा नक्सा पास गरी अनुमति लिएर मात्र बनाउनुपर्ने प्रचलित कानुनमा व्यवस्था रहेको र नक्सापास नगरी निर्माण भएका भवनहरु २०७८ असार मसान्त भित्र तोकिएको मापदण्ड पूरा गरी अनिवार्य रुपमा नगरपालिकामा अभिलेखीकरण गर्नुपर्ने भन्ने यस नगरपालिकाको आठौँ नगरसभाबाट निर्णय भएको सन्दर्भमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

यस नगरपालिका र सम्बन्धित निकायहरुबाट नगरपालिकाको बजार अनुगमन निर्देशिका,२०७४ बमोजिम अनुगमन गर्दा तोकिएको समयावधि भित्र पनि उद्योग व्यवसायहरु दर्ता/नविकरण नगरी सञ्चालन गरेको र भवन अभिलेखीकरणको प्रकृया अगाडी बढाएको नपाइएमा कानून बमोजिम कारवाही गर्ने यस नगरपालिकाको मिति २०७७/१०/१६ गतेको राजश्व परामर्श समितिको वैठकबाट समेत निर्णय भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो उद्योग व्यवसाय दर्ता नविकरण गर्न र नक्सा पास नगरी निर्माण भएका भवनहरुको तोकिएको मापदण्ड पूरा गरी अभिलेखीकरण गर्न अनिवार्य रुपमा आउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

भवन नक्सापास तथा अभिलेखीकरणको सम्बन्धमा पेश गर्नुपर्ने निवेदनको ढाँचा भवन नक्सापास किताबबाट प्राप्त गर्नुहुन, भवन अभिलेखीकरणको सम्बन्धमा यस कार्यालयको नक्सापास शाखाबाट र उद्योग व्यवसाय दर्ता /नविकरणको सम्बन्धमा यस कार्यालयको राजश्व उपशाखा वा नगरपालिकाको फोन नं. ०४८-५४०११२ बाट थप जानकारी लिन सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

यस सँग सम्बन्धीत सुचना रामेछापका सबै एफ.एम रेडियोहरुबाट समेत प्रशारण भइरहेको जानकारी गराइन्छ ।

..............................
लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत